(स्थानिय सरकार सञ्चालन ऐन,२०७४ दफा १०२ र दफा १०३ सँग सम्बन्धित)

बागमती नगरपालिका

# बागमती नगरपालिकाको राजपत्र

खण्डः | संख्या | मितिः २०८१/०३/२८

भाग -२

बागमती नगरपालिका

## बागमति नगर खेलकुद विकास परीषद (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०८१

नगरसभाबाट स्वीकृत मिति :२०८१/०३/२४

प्रमाणिकरण मितिः २०८१/०३/२४

प्रस्तावना :

बागमति नगरपालिका क्षेत्र बागमति नगरपालिका क्षेत्र भित्र खेलकुदको माध्यमबाट स्वास्थ्य, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, खेलकुदको माध्यमबाट एकता प्रवर्द्धन तथा नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा भएको अध्ययन र अनुसन्धान बमोजिम खेलकुद विकास, विस्तार र प्रवर्द्धन गरि खेलकुदको संचालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले, बागमति नगर खेलकुद विकास परीषद (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८१ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी बागमति नगर कार्यपालिकाले यो नियमावली तर्जुमा गरी लागू गरेको छ ।

### १. संक्षिप्त नाम र प्रारम्भः

१) यस नियमावलिको नाम "बागमति नगर खेलकुद विकास परीषद (सञ्चालन तथा व्यवस्थापन) नियमावलि, २०८१" रहेकोछ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलिमाः

१) "सभा" भन्नाले बागमति नगर सभालाई सम्झनु पर्छ ।

२) "कार्यपालिका" भन्नाले बागमति नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

३) "अध्यक्ष" भन्नाले परीषदको अध्यक्षलाई सम्झनुपर्छ ।

४) "उपाध्यक्ष" भन्नाले परीषदको उपाध्यक्षलाई सम्झनुपर्छ ।

५) “सदस्य” भन्नाले परीषदको सदस्यलाई सम्झनुपर्छ ।

६) “सचिव” भन्नाले परीषदको कार्यालयका प्रमुखलाई सम्झनुपर्छ ।

७) “ऐन” भन्नाले बागमति नगर खेलकुद विकास परीषद (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५ लाई सम्झनुपर्छ ।

८) “परीषद” भन्नाले ऐनको दफा ३ वमोजिम गठित बागमति नगर खेलकुद विकास परीषदलाई सम्झनु पर्छ ।

९) “परीषदको कार्यालय” भन्नाले बागमति नगर खेलकुद विकास परीषदको कार्यालयलाई सम्झनु पर्दछ ।

१०) “सञ्चालक समिति” भन्नाले ऐनको दफा ४ वमोजिम गठित बागमति नगर खेलकुद विकास परीषद सञ्चालक समिति सम्झनु पर्दछ ।

११) “पदपुर्ति समिति” भन्नाले परीषदलाई आवश्यक पर्ने कर्मचारी भर्नाको सिफारिस गर्न अधिकार प्राप्त समिति सम्झनु पर्दछ ।

१२) “तोकिए बमोजिम” भन्नाले यो नियमावली बमोजिमको कार्य सम्पादन गर्ने सम्वन्धमा सञ्चालक समितिले निर्णय गरी तोके वमोजिम सम्झनु पर्दछ ।

## ३. परीषद्को बैठक र निर्णयः

१) परीषद्को बैठक सामान्यतया वर्षको २ दुई पटक वस्नेछ । परीषदका तत्काल कायम रहेको सदस्य संख्याको ५० प्रतिशत सदस्यले लिखित रुपमा अध्यक्ष समक्ष निवेदन दिएमा विशेष बैठक आव्हान गर्नु पर्नेछ ।

२) परीषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

३) परीषद्को तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ । पहिलो पटक गणपुरक संख्या पुरा नभएमा दोश्रो पटक जतिसुकै संख्या उपस्थित भए पनि संख्या पुगेको मानिनेछ ।

४) परीषद्को बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

५) परीषदको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

६) परीषदको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

७) परीषदको बैठक सम्बन्धी अन्य कार्यविधि परीषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४. परीषदको काम, कर्तव्य र अधिकारः परीषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१) बागमति नगर खेलकुद विकास परीषदलाई मार्गदर्शन गर्ने ।

२) परीषदको नीति निर्धारण गर्ने र त्यसको प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

३) खेलकुदको विकास र विस्तार समयानुकूल तथा लक्ष्य अनुरुप भए नभएको मूल्याङ्कन गर्ने गराउने ।

४) खेलाडीहरुको सुरक्षित भविश्यको लागि आवश्यक निति तर्जुमा गर्ने ।

५) परीषदको नीति, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

६) दीर्घकालीन योजना तयार गर्न लगाउने र त्यसको कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउन लगाउने ।

७) आवश्यकतानुसार समिति, उपसमिति वा अध्ययन अनुसन्धान टोली गठन गर्ने गराउने ।

८) परीषद अन्तर्गतका कुनै निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिने ।

९) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको कार्यविधिमा तोकिएका अन्य कामहरू गर्ने गराउने ।

## ५. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार:

१) खेलकुद विकासका लागि तत्कालिन, अल्पकालिन र दीर्घकालिन योजना वनाई परीषदमा पेश गर्ने ।

२) राष्ट्रिय तथा विश्व खेलकुदको स्तर तथा नयाँ प्रयोगहरुको विश्लेषण गरी नगरपालिका खेलकुद क्षेत्रलाई आवश्यक प्राविधिक तथा व्यवसायीक तालिम निर्धारण योजना वनाई परीषदमा पेश गर्ने ।

३) राष्ट्रिय खेल संघ वा महासंघ सँग समन्वय गर्ने ।

४) खेलाडीहरुको अभिलेख अद्यावधिक गर्ने ।

५) नगर क्षेत्र भित्रका कृयाशिल खेलकुद क्लब तथा संघ संस्थाहरुको लगत अद्यावधिक गर्ने तथा कृयाकलाप अनुगमन गर्ने ।

६) खेलका वर्गिकरण र प्राथमिकता निर्धारण गरी परीषदमा पेश गर्ने ।

७) परीषदले पारित गरेको कार्यक्रमको कार्यान्वयन गर्ने गराउने ।

८) विभिन्न क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने ।

९) कार्यपालिकालाई खेलकुद प्रशिक्षक प्रशिक्षण तथा प्रतिस्पर्धात्मक खेलाडी उत्पादनका लागि आवश्यक परामर्श दिने ।

१०) परीषदको वार्षिक बजेट, प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रतिवेदन स्वीकृत वा अनुमोदन वा जानकारीको लागि परीषदमा पेश गर्ने ।

११) अध्यक्षले गरेका सम्झौताहरु अनुमोदन गर्ने ।

१२) यस नियमावलीको उद्देश्य कार्यान्वयनको लागि आवश्यक अन्य कार्यहरूगर्ने गराउने ।

## ६. अध्यक्षको काम, कर्तव्य र अधिकार:

१) प्रतिस्पर्धात्मक खेलाडीको उत्पादन गर्दै खेलकुदको विकास गर्नको लागि प्रशिक्षणको व्यवस्था मिलाउने ।

२) खेलकुद विकासमा सरोकारवाला निकायहरुसँग आवश्यक सहयोग र समन्वय गर्ने ।

३) स्तरयुक्त खेल शिक्षा वा तालीमका लागि परीषदलाई आवश्यक मार्गनिर्देश गर्ने ।

४) संचालक समितिको वैठक वोलाउने र वैठकको अध्यक्षता गर्ने ।

५) संचालक समितिका सदस्यहरुलाई काज खटाउने ।

६) परीषदका सचिवलाई काज खटाउने ।

७) नगर, प्रदेश तथा संघमा कृयाशिल खेलकुद संघ संस्थाहरुसँग सहकार्य गर्नको लागि सम्झौता गरी अनुमोदनको लागि सञ्चालक समिति समक्ष पेश गर्ने ।

८) विभिन्न तालीम कार्यक्रमहरू बीच समन्वय कायम गर्ने गराउने ।

९) विभिन्न क्षेत्रबाट सहयोग जुटाउने र प्राप्त सहयोगको सुव्यवस्थित रूपले परिचालन गर्ने गराउने ।

१०) आफु मातहतका पदाधिकारी वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने ।

११) सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## ७. उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

१) अध्यक्षको अनुपस्थितिमा सञ्चालक समितिको वैठकको अध्यक्षता गर्ने ।

२) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरु गर्ने ।

३) सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## ८. सदस्यको काम, कर्तव्य र अधिकार:

१) सञ्चालक समितिको वैठकमा भाग लिई सक्रिय सहभागिता गर्ने ।
२) सञ्चालक समितिको निर्णय कार्यान्वयनमा सघाउ पुऱ्याउने ।
३) अध्यक्षले प्रत्यायोजन गरेका कार्यहरु गर्ने ।
४) सञ्चालक समितिले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## ९. परीषदका सचिवको काम, कर्तव्य र अधिकार:

१) अध्यक्षको निर्देशनमा खेलको विकास गर्नको लागि प्रशिक्षण सञ्चालनको व्यवस्था मिलाउने ।
२) खेलकुद तालीमको प्रशिक्षणमा सरोकारवाला निकायहरुसँग आवश्यक सहयोग र समन्वय गर्ने कार्यमा अध्यक्षलाई सहयोग गर्ने ।
३) अध्यक्षको निर्देशनमा संचालक समितिको वैठक वोलाउने ।
४) परीषदको प्रशासकीय प्रमुख भई कामकाज गर्ने ।
५) सञ्चालक समितिको वैठकको माइन्युट तयार गर्ने र निर्णय प्रमाणित गर्ने ।
६) सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने ।
७) परीषदका कर्मचारीहरुको कार्यविवरण स्वीकृत गरी लागु गराउने ।
८) परीषदका कर्मचारीहरुको विदा तथा काज स्वीकृत गर्ने ।
९) विभिन्न तालीम कार्यक्रमहरूको रेखदेख र सुपरिवेक्षण गर्ने ।
१०) परीषदको वार्षिक कार्यक्रम तयार पारी समितिमा पेश गर्ने ।
११) परीषदको वार्षिक खरिद गुरुयोजना तयार गर्ने ।
१२) वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
१३) वार्षिक स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सूचिकृत प्रशिक्षक वा प्रशिक्षण सेवा प्रदायक संस्थासँग सम्झौता गर्ने ।
१४) परीषदले गरेका कार्यहरुको सञ्चालक समिति समक्ष आवधिक प्रतिवेदन पेश गर्ने ।
१५) परीषदले गरेका कार्यहरु र खर्चको प्रतिवेदन मासिक रुपमा सार्वजनिक गर्ने ।
१६) आफु मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने ।
१७) सञ्चालक समिति र अध्यक्षले तोकिदिएका अन्य कार्यहरु गर्ने ।

## १०. कर्मचारी सम्बन्धी व्यवस्था :

१) परीषदको दरवन्दी संरचना कार्यपालिकाले स्वीकृत गरे वमोजिम हुनेछ ।
२) स्वीकृत दरवन्दी बमोजिम पदपुर्ति नभए सम्म परीषदलाई आवश्यक कर्मचारी कार्यपालिकाले उपलव्ध गराउनेछ । कार्यपालिकाले कर्मचारी उपलव्ध गराउन नसकेमा सञ्चालक समितिले सेवा करारमा कर्मचारी भर्ना गर्न सक्नेछ ।
३) स्वीकृत दरवन्दीका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । तर सेवा करारमा भर्ना गरिएका कर्मचारीको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था करार सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।
४) सेवा करारका कर्मचारीहरुको पारश्रिमिक, सेवा, सुविधा निर्धारण गर्दा परीषदको आम्दानी तथा सेवाको प्रकृतिलाई आधार लिनु पर्नेछ ।
तर त्यस्तो सेवा सुविधा कार्यपालिकाका समान पद/तहका स्थायी कर्मचारीको भन्दा धेरै हुने गरी निर्धारण गर्न पाइने छैन ।

## ११. पदपूर्ति समिति सम्वन्धी व्यवस्था:

१) परीषदको स्वीकृत दरवन्दी संरचना अनुसार आवश्यक कर्मचारी भर्नाको लागि देहाय बमोजिमको एक पदपुर्ति समिति रहनेछ:
क) सञ्चालक समितिले तोकेको कार्यपालिकाको अधिकृत कर्मचारी - संयोजक
ख) सञ्चालक समितिको अध्यक्षले तोकेको विषय विज्ञ - सदस्य

ग) कार्यपालिकाको कार्यालयका प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२) पदपूर्ति सम्वन्धी कार्यविधि र पदपूर्ति समितिका सदस्यले पाउने सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

**<u>१२. परीषदको खाता सञ्चालनः</u>**

१) परीषदको वैक खाता सञ्चालक समितिको नाममा रहनेछ ।

२) परीषदको खाता सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको सञ्चालक समितिको सदस्य र परीषदका सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**<u>१३. परीषदको लेखा र लेखापरीक्षणः</u>**

१) परीषदको लेखा कार्यपालिकाको कार्यालयले अपनाउने नियम, कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

२) परीषदको लेखापरीक्षक परीषदले तोक्नेछ । लेखापरीक्षण प्रतिवेदन परीषदमा छलफल हुनेछ ।

३) परीषदको लेखापरीक्षण गर्ने लेखापरीक्षकको नियमानुसारको पारिश्रमिक परीषदको कोषबाट भुक्तानी गरिनेछ ।

**<u>१४.अधिकार प्रत्यायोजनः</u>**

१) परीषदले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार आवश्यकतानुसार परीषदको समिति, उप-समिति वा कार्यटोलीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२) सञ्चालक समितिका अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केहि वा सम्पूर्ण अधिकार सञ्चालक समितिका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३) खेलकुदको प्राथमिकिकरण, वर्गिकरण र विधि सञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

४) प्रशिक्षकलाई सूचिकृत गर्ने कार्यमा मूल्यांकनका लागि ग्राह्यता, क्षमता र योग्यता सञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

५) योग्य प्रशिक्षकलाई स्वीकृत गरी सूचि नामावलि प्रकाशन तथा सार्वजनिक गर्नु पर्नेछ तथा सूचिकृत हुनका लागि जुनसुकै समय खुल्ला गर्नु पर्नेछ ।

**<u>१५.खेलकुदका क्षेत्र र विधिको निर्धारणः</u>**

१) खेलकुदका क्षेत्र र विधि सञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

२) प्रशिक्षकलाई सूचिकृत गर्ने कार्यमा मूल्यांकनका लागि ग्राह्यता, क्षमता र योग्यता सञ्चालक समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

३) योग्य प्रशिक्षकलाई स्वीकृत गरी सूचि नामावलि प्रकाशन तथा सार्वजनिक गर्नु पर्नेछ । सूचिकृत हुनका लागि जुनसुकै समय खुल्ला गर्नु पर्नेछ ।

४) खेलकुद सम्बन्धि गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम राष्ट्रिय खेलकुद परीषदमा दर्ता भएको हुनु पर्ने छ ।

**<u>१६.परीषद सञ्चालन व्यवस्थाः</u>** यस नियमवलीमा उल्लेख भए वाहेक सञ्चालक समितिले बागमति नगर खेलकुद विकास परीषद सञ्चालन गर्न आवश्यक कार्यविधि तयार गरी लागू गर्न वा निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**<u>१७. वचाउः</u>** यस अघि भएका खेलकुद विकास तथा खेल कृयाकलाप सम्वन्धी कार्यहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

आज्ञाले,
हरिलाल पुरी
प्रमुख प्रशासकिय अधिकृत